जोखिमहरूलाई बीमाको दायरामा ल्याउनु, जोखिममा आधारित सुपरीवेक्षण पद्धतिलाई पूर्ण रूपमा कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण रहेका छन्।

## ४.४ बीमा क्षेत्रको वित्तीय रणनीति

### ४.४.१. दिगो र समावेशी आर्थिक विकास

क. बीमा क्षेत्रको विकास तथा विस्तार गर्ने

**कार्यनीति**

अ. सरकारी र नागरिकको अचल सम्पत्तिको प्राकृतिक प्रकोप तथा अन्य जोखिम विरुद्ध सुरक्षा प्रदान गर्न सम्पत्ति बीमा गर्ने व्यवस्था गर्ने;

आ. आर्थिक क्रियाकलापलाई वातावरणमैत्री बनाउन हरित बन्ड, सामाजिक बन्ड जस्ता उपकरणहरूको विकास र प्रवर्धन गर्ने;

इ. सबै किसिमको जोखिम मुलुकभित्र वहन गर्न सक्ने गरी पूनर्बीमा कम्पनीको जोखिम वहन क्षमता बढाउने;

ई. बीमाको पहुँच बढाउन बन्डल्ड (Bundled) बीमालेख, सूचकांकमा आधारित लघु बीमालेख, कृषि तथा पशुपन्छी जस्ता नवीनतम बीमालेखको विकास गर्ने;

उ. लघु बीमाको प्रवर्धन गर्न ग्रामीण क्षेत्र तथा न्यून आय वर्गका नागरिक लक्षित बीमालेख तथा अन्य उपकरणहरूको विकास तथा विस्तार गर्ने;

ऊ. सूचकांकमा आधारित बीमा मार्गदर्शन तर्जुमा गरी मौसमीय सूचकांक जस्ता क्षेत्रगत बीमालेख जारी गर्ने;

ऋ. निक्षेप तथा कर्जा सुरक्षण कोषलाई बीमाको अवधारणा अनुसार पुनर्संरचना गर्ने;

ए. गैरबैङ्किङ वित्तीय संस्थाबाट हुदै आएको बीमा सेवा सम्बन्धी कार्यलाई बीमा सेवा प्रदायकमार्फत हुने व्यवस्था मिलाउने।

ख. बीमा क्षेत्रबाट दीर्घकालीन पुँजी परिचालन गरी लगानी अभिवृद्धि गर्ने

**कार्यनीति**

अ. बीमा क्षेत्रबाट परिचालन भएको पुँजी ठुला पूर्वाधार र दीर्घकालीन प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्ने,

आ. बीमा विकास कोषको स्थापना गर्ने,

इ. बीमामा वैकल्पिक वितरण प्रणालीको विकास गर्ने।

ग. बीमा दावी भुक्तानी प्रणालीलाई व्यवस्थित गर्ने

**कार्यनीति**

अ. प्रविधिको उच्चतम प्रयोगमार्फत दावी भुक्तानीलाई सरल, सहज, विश्वसनीय, समयबद्ध र बीमितमैत्री बनाउने;

आ. बीमा दावी भुक्तानी अनुगमन संयन्त्रको सबलीकरण गरी लाभग्राहीमैत्री बनाउने।

### ४.४.२. वित्तीय पहुँच तथा समावेशीकरण

क. बीमाको पहुँच विस्तार गर्ने

**कार्यनीति**

अ. न्यून आय वर्गलाई बीमाको दायरामा ल्याउनका लागि सरल भाषा सहितको पहुँचयोग्य बीमा योजना तयार गरी लागु गर्ने,

आ. स्थानीय तह, सहकारी, लघु वित्त र सामुदायिक संस्थासँग समन्वय र साझेदारी गर्दै बीमा सेवा विस्तार गर्ने।

**४.४.३. वित्तीय साक्षरता तथा ग्राहक संरक्षण**

क. बीमा साक्षरता कार्यक्रम विस्तार गर्ने

**कार्यनीति**

अ. बीमाको न्यून पहुँच भएका वर्ग र क्षेत्र समावेश गरी बीमा सचेतना कार्यक्रम सञ्चालन गर्ने,

आ. बीमा विषयलाई विभिन्न तहका शैक्षिक पाठ्यक्रममा समावेश गर्ने,

इ. बीमा साक्षरता अभिवृद्धि गर्न संस्थागत सामाजिक उत्तरदायित्व कोष परिचालनको व्यवस्था मिलाउने,

ई. बीमासम्बन्धी सूचना प्रवाहलाई सरल, विश्वसनीय, पहुँचयोग्य र प्रभावकारी बनाउन बीमा सूचना संयन्त्रको सुदृढीकरण गर्ने।

ख. बीमितको हक हित संरक्षण गर्ने

**कार्यनीति**

अ. बीमित हित संरक्षण कोषको प्रभावकारी व्यवस्थापन गर्ने,

आ. प्रभावकारी गुनासो सुनुवाई संयन्त्र बिकास गरी समयबद्ध र निष्पक्ष रूपमा गुनासो सम्बोधन हुने व्यवस्था गर्ने,

इ. बीमा कम्पनीहरूको पारदर्शिता र जवाफदेहिता बढाउने,

ई. बीमितको हक हित संरक्षणका लागि प्रभावकारी नियमन र सुपरीवेक्षणको व्यवस्था गर्ने।

**४.४.४. वित्तीय क्षेत्र सुदृढीकरण तथा वित्तीय स्थायित्व**

क. नियमनकारी तथा सुपरवेक्षकीय क्षमता अभिवृद्धि गर्ने

**कार्यनीति**

अ. नेपाल बीमा प्राधिकरणको नियामक क्षमता अभिवृद्धि गर्ने,

आ. बीमा कम्पनीहरूको वित्तीय क्षमता सुदृढ गर्ने,

इ. बीमा सेवा विविधीकरण गर्दै बजार विकास गर्ने,

ई. बीमा क्षेत्रसँग सम्बन्धित संस्थागत सुशासन प्रवर्धन गर्ने।

ख. बीमा क्षेत्रमा नवीनतम अन्तर्राष्ट्रिय अभ्यासको अवलम्बनमार्फत स्थायित्व कायम गर्ने

**कार्यनीति**

अ. अन्तर्राष्ट्रिय मापदण्ड र असल अभ्यास अनुरूपका क्षेत्रगत निर्देशिका र उपकरणहरूको

विकास तथा स्तरोन्नति गर्ने,

आ. नवीनतम प्रविधि र उपकरणको प्रयोगमार्फत जोखिम विश्लेषणलाई प्रभावकारी बनाउने।

ग. बीमासम्बन्धी कानूनलाई समय सापेक्ष अद्यावधिक गर्ने

**कार्यनीति**

अ. बीमा क्षेत्रमा नियमित अध्ययन र अनुसन्धान गरी नीतिगत विषयमा पृष्ठपोषण दिने संयन्त्रको विकास गर्ने,

आ. विद्यमान ऐन, नियम, निर्देशिका, मार्गदर्शन, कार्यविधिलाई अद्यावधिक गर्ने।